

लेखनमा एआई प्रयोग हानिकारक

✍ ब्रेट स्टेफेन्स ③



**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - २११ ❑ २०८३ साउन २९ गते शुक्रबार ❑ Friday, 14 Aug. 2026 ❑ मूल्य ७ /-


# पाँच महिना पछि देउवा स्वदेश फर्किए



**दमक/** नेपाली कांग्रेसका पूर्वसभापती एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा नेपाल फर्किएका छन् । उनी फर्किएसँगै नेपाली काँग्रेसभित्रको अन्तरविरोध थप चर्किएको छ । देउवाले विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै नेपाली कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको राष्ट्रिय मेलमिलापको नीतिलाई वर्तमान राजनीतिक परिस्थितिसँग जोडेर अघि बढ्नुपर्ने बताएका छन् । २०३३ सालमा भारत निर्वासनबाट नेपाल फर्कँदा बीपीले राष्ट्रियता र प्रजातन्त्रको रक्षाका लागि सबै राष्ट्रवादी तथा प्रजातान्त्रिक शक्तिबीच एकता आवश्यक रहेको सन्देश दिएको स्मरण गर्दै देउवाले अहिले पनि मुलुकलाई त्यस्तै एकताको आवश्यकता रहेको बताए । यसले काँग्रेसभित्रको अन्तरविरोधलाई थप सतहमा ल्याइदिएको छ ।

२१ फागुनको चुनावअगावै देउवा उपचारका लागि भन्दै सिंगापुर गएका थिए । उनीबारे सचिवालयले यसअघि चाँडै नेपाल आउने सूचना पनि जारी गरिएको थियो । अर्थात्, २९ फागुनभित्र नेपाल आउने भनिएपनि देउवा नेपाल फर्किएनन् । बरू पत्नी राणा पनि उतै गइन् । किनकि देउवा सिंगापुर हुँदा राणा भारतमा थिइन् ।

सरकारले उनीसहित परराष्ट्रमन्त्री भइसकेकी पत्नी डा. आरजु देउवा राणामाथि पक्राउ पुर्जी जारी भइसकेको छ । विभिन्न सरकारी निकायले देउवा दम्पतीमाथि छानबिन गरिरहेको र थप अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको थियो । सरकारी निकायको स्रोतअनुसार उनीहरूमाथि सम्पत्ति शुद्धीकरण विभागले गहिरो अनुसन्धान गर्दै छ । २४ भदौमा भएको जेन-जी आन्दोलनमा राष्ट्रपति भवन, सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालय, बानेश्वरस्थित संसद भवन मात्रै होइन, धेरै निजी व्यापारिक घर र निजी आवास क्षेत्रमा पनि लुटपाट र आगजनी गरिएको थियो ।

त्यही दिन बूढानीलकण्ठ स्थित देउवानिवासमा पनि प्रदर्शनकारी प्रवेश गरेर हातपात गर्दै देउवालाई गम्भीर घाइतेसमेत भएका थिए । सोही दिन देउवानिवास आगजनी भयो । देउवा निवासमा ठूलोमात्रामा पैसा डढेको थियो । धेरैले आगोमा परि डढेर हावामा उडेको पैसा भन्दै तस्वीर र भिडियो सामाजिक सञ्जालमा राखे ।

देउवानिवासको सोही विषयलाई लिएर सरकारी अनुसन्धान निकायले अनुसन्धान गऱ्यो । जलेको पैसा हो कि होइन भनेर फरेन्सिक अनुसन्धान गर्ने टिम पनि देउवा निवास पुग्यो । सोही विषयलाई लिएर नेपाल प्रहरीले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र सम्पत्ति शुद्धीकरण विभागले एकैपटक अनुसन्धान अघि बढाएको थियो ।

अहिले देउवा दम्पतीमाथि पक्राउको विषय पनि अवैध रकम आर्जन र धन थुपारेको विषयमा केन्द्रित रहेको उच्च सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । तर आरजु अझै नेपाल फर्किएकी छैनन् ।

बाँकी ४ पेजमा ▸▸

## जापानिज इन्सेफ्लाइटिसबाट ५ जनाको मृत्यु

**दमक/** जापानिज इन्सेफ्लाइटिस (जेई) सङ्क्रमणबाट झापामा पछिल्लो चार महिनामा ५ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म ९ जनामा जेई सङ्क्रमण पुष्टि भएकोमा ५ जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा तीन पुरुष र दुई महिला रहेका छन् ।

सङ्क्रमितमा मेचीनगरका तीन, हल्दिबारीका एक, बाह्रदशीका एक, कचनकवलका एक, बिर्तामोडका दुई र अर्जुनधाराका एक जना छन् । स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले सङ्क्रमित अधिकांश ५० वर्षभन्दा माथिका रहेको जानकारी दिए । जापानिज इन्सेफ्लाइटिस क्युलेक्स जातको सङ्क्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरसजन्य रोग हो । सङ्क्रमण भएपछि भाइरसले मस्तिष्कमा असर गर्छ ।

सुँगुर र हाँस जेई भाइरसका मुख्य स्रोत मानिन्छन् । सुँगुर पालन गर्ने व्यक्ति तथा धानखेत र पानी जम्ने क्षेत्र आसपास बसोबास गर्नेहरू सङ्क्रमणको उच्च जोखिममा रहने गर्छन् । स्वास्थ्य कार्यालय झापाका खोप अधिकृत राजकुमार पोखरेलले जेईबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट जोगिन तथा सरकारले सञ्चालन गर्ने नियमित खोप कार्यक्रममा सहभागी भएर जेईविरुद्धको खोप लगाउन आग्रह गरे ।

## कनकाईका थप १३ जनालाई जग्गाधनी पुर्जा वितरण

**दुधे/** झापाको कनकाई नगरपालिका-३ र ६ का थप १३ जनालाई जग्गाधनी पुर्जा वितरण गरिएको छ । जिल्ला भूमि समस्या समाधान समितिले बिहीबार १३ जनालाई जग्गाधनी पुर्जा वितरण गरेको हो । पुर्जा प्राप्त गर्नेमा एक जना भूमिहीन दलित, पाँच जना भूमिहीन सुकुमवासी र सात जना अव्यवस्थित बसोबासी रहेका छन् ।

यसअघि साउन ८ गते समितिले कनकाईका पाँच जनालाई जग्गाधनी पुर्जा वितरण गरेको थियो । नगरपालिकाको भूमि प्रशासन शाखाका अनुसार गत वर्ष असारमा १५७ जनालाई जग्गाधनी पुर्जा वितरण गरिएको थियो ।

भूमि प्रशासन शाखा प्रमुख बद्रीकुमार दाहालका अनुसार तत्कालीन भूमि आयोगले आर्थिक वर्ष २०७९र८० देखि लगत सङ्कलन सुरु गरेयता कनकाई नगरपालिकामा हालसम्म २५८ जनालाई जग्गाधनी पुर्जा वितरण भइसकेको छ ।

लगत संकलनका क्रममा नगरपालिकामा ३७५ जना भूमिहीन दलित, २ हजार २४४ जना भूमिहीन सुकुमवासी र ४ हजार ५८८ जना अव्यवस्थित बसोबासीको विवरण सङ्कलन गरिएको दाहालले जानकारी दिए ।

बाँकी ४ पेजमा ▸▸

## कोशी प्रदेश सभाको बैठक भदौ ३ गते बस्ने

**दमक/** गत असार २४ गतेदेखि अनिश्चितकालका लागि स्थगित भएको कोशी प्रदेश सभाको बैठक आगामी भदौ ३ गते बस्ने भएको छ । कोशी प्रदेश सभा सचिवालयले सूचना जारी गर्दै नवौँ अधिवेशनको तेइसौँ बैठक भदौ ३ गते बुधबार दिउँसो १: ०० बजेका लागि आह्वान गरिएको जानकारी दिएको हो ।

यसअघि असार २४ गते अर्को सूचना जारी नभएसम्मका लागि प्रदेश सभा बैठक स्थगित गरिएको थियो । यसैबिच यस पटकका संसद् बैठक कटहरीस्थित संसद् सचिवालयमै बनेको नयाँ संसद् भवनमा बस्ने भएको छ । अबको संसद् बैठकमा दलित सम्बन्धी विधेयक टेबुल गर्ने तयारी छ । उक्त विधेयकको मस्यौदा मन्त्रिपरिषद् बैठकले पारित गरिसकेको छ ।

## मोरङका ७ वटा आँखा अस्पताल शिलबन्दी

**मोरङ/** मापदण्ड विपरीत सञ्चालन गरेको भन्दै कोशी प्रदेश स्वास्थ्य मन्त्रालय र जिल्ला प्रशासन कार्यालय मोरङको टोलीले विराटनगरका ७ वटा आँखा अस्पताल शिलबन्दी गरेको छ । मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पवनराज कोइरालाको नेतृत्वमा खटिएको टोलीले बुधबार र बिहीबार दुई दिन लगाएर अनुगमन गरेको थियो । टोलीले विराटनगर-१५ रानीस्थित अखण्ड ज्योति आँखा अस्पताल तथा मलाया रोडमा रहेका हिमाल आँखा अस्पताल, नेपाल आँखा अस्पताल, सञ्जीवनी आँखा अस्पताल, इफ्रास आँखा अस्पताल र विराट रानी आँखा अस्पताल शिलबन्दी गरेको छ ।

यस्तै, मापदण्ड नपुगेको भन्दै टोलीले विराट आँखा अस्पतालको ल्याब (प्रयोगशाला) मा पनि शिलबन्दी गरेको छ । नियमअनुसार आँखा अस्पताल सञ्चालनका लागि कम्तीमा १०० शय्या हुनुपर्ने प्रावधान छ । तर, यहाँ शिलबन्दी गरिएका अस्पतालहरूले कोशी प्रदेश स्वास्थ्य निर्देशनालयबाट आँखा उपचार केन्द्रका रूपमा मात्र स्वीकृति लिएर जटिल किसिमका शल्यक्रिया (सर्जरी) समेत गरेको भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी कोइरालाले बताए ।

प्रचलित व्यवस्थाअनुसार २०० शय्यासम्मको अस्पताल सञ्चालन अनुमति प्रदेश स्वास्थ्य मन्त्रालयले दिने गर्दछ । सामान्य उपचार केन्द्रको अनुमति स्वास्थ्य निर्देशनालयको कार्यक्षेत्रमा पर्छ भने २०० शय्याभन्दा माथिका र विशिष्टीकृत अस्पतालको अनुमति संघीय स्वास्थ्य मन्त्रालयबाट लिनुपर्ने प्रावधान छ । यता अस्पताल प्रशासनले भने स्वास्थ्य निर्देशनालयबाट स्वीकृत लिएर विरामीलाई आँखाको स्वास्थ्य सेवा प्रदान गरेको बताउने गरेका छन् ।

## पूर्वी नाकाबाट १७६ जनाको उद्धार

**दमक/** महिला तथा बालबालिका बेचविखन विरूद्धमा लामो समयदेखि कार्यरत माइती नेपाल काँकडभिट्टाले पूर्वी नाकामा १७६ जनालाई उद्धार गरेको छ ।

नाकाबाट दलालमार्फत्रू वा लुकिछिपी भारत जान लागेका त्यति धेरै महिलालाई आर्थिक वर्ष २०८२- ०८३ मा माइती नेपाल काँकडभिट्टाले जोगाएको हो । त्यस्तै भारतबाट ६ जना महिलाहरूको उद्धार गरिएको थियो भने घरेलु हिंसाको ८ वटा मुद्धा दर्ता गरिएको थियो । एक वर्षको अवधिमा माइती नेपाल काँकडभिट्टामा मानिस हराएको भन्दै ४५ वटा निवेदन आएकोमा २१ जनालाई फेला पारी परिवारको जिम्मा लगाइएको कार्यक्रम सुपरभाइजर प्रवीना थपलियाले बताइन् ।

अघिल्लो वर्ष सीमा नाकामा १५९ जनालाई रोकथाम गरिएको , भारतबाट ४ जनालाई उद्धार गरिएको, घरेलु हिंसाको ७ वटा मुद्धा आएको , हराएको भन्दै ६९ वटा निवेदन आएकोमा २० जनालाई फेला

बाँकी ४ पेजमा ▸▸

## श्रेष्ठ पक्राउबारे प्रेस काउन्सिलको ध्यानाकर्षण

**दमक/** सञ्चारकर्मी किशोर श्रेष्ठ पक्राउ परेको घटनाप्रति प्रेस काउन्सिल नेपालले चासो व्यक्त गरेको छ । काउन्सिलका प्रवक्ता दीपक खनालले बिहीबार विज्ञप्ति जारी गर्दै श्रेष्ठ पक्राउ तथा सञ्चारमाध्यमको कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायत सामग्री जफत गरिएको घटनाप्रति ध्यानाकर्षण भएको जनाएका छन् ।

पत्रकार श्रेष्ठलाई ३ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतले अनुमति दिएको छ।

काउन्सिलका अनुसार श्रेष्ठलाई बुधबार राति पक्राउ गरी निजी निवासमा खानतलासी गरिएको थियो । त्यसपछि बिहीबार बिहान सञ्चारमाध्यमको कार्यालयमा प्रवेश गरी विभिन्न सामग्री जफत गरिएको घटनाप्रति पनि काउन्सिलले चासो जनाएको छ । काउन्सिलले नागरिकको सूचनाको हकको प्रत्याभूति प्रेस स्वतन्त्रतामार्फत हुने भएकाले प्रेसको मर्यादा कायम राख्नु सबैको कर्तव्य भएको जनाएको छ । प्रेस स्वतन्त्रताको सदुपयोग र सम्मान हुनुपर्नेमा जोड दिँदै काउन्सिलले सञ्चारकर्मीको कार्यशैली, व्यवहार, पेसागत मर्यादा र आचरणप्रति आफू उत्तिकै सचेत रहेको स्पष्ट पारेको छ । प्रेस स्वतन्त्रताको प्रयोग गर्ने नाममा स्वच्छन्दता हुन नदिन पत्रकार तथा सञ्चारकर्मी सचेत हुनुपर्ने काउन्सिलको भनाइ छ । सत्य, तथ्य, सन्तुलित र विश्वसनीय पत्रकारितामार्फत पेसागत मर्यादा, जवाफदेहिता र उत्तरदायित्व कायम गर्नुपर्नेमा पनि काउन्सिलले जोड दिएको छ ।

## कोशीमा चट्याङबाट ६६ जनाको मृत्यु, २ सय १८ घाइते

*__दमक/__ वर्षायाम सुरू भएसँगै कोशी प्रदेशका पहाडी तथा तराई जिल्लामा चट्याङका घटना बढ्ने गरेका छन् । पछिल्लो पाँच वर्षमा कोशी प्रदेशमा चट्याङका कारण ६६ जनाले ज्यान गुमाएका छन् भने २१८ जना घाइते भएका छन् ।*

*गत असार १३ गते मध्यरात मुसलधारे पानी परिरहेका बेला इलामको रोङ गाउँपालिका-६, सलकपुरका ८८ वर्षीय कालुवीर मोक्तानको चट्याङ लागेर मृत्यु भयो । काठको बेरा र टिनको छानो भएको दुईतले घरको बरन्डामा बसिरहेका मोक्तानलाई राति करिब १ बजे चट्याङ लागेको थियो ।*

*त्यसैगरी, गत असार १४ गते संखुवासभाको मकालु गाउँपालिका-१, चिर्खाङमा चट्याङ लागेर ३९ वर्षीया कुमारी राईको मृत्यु भयो । ठूलो वर्षा र हावाहुरी चलिरहेका बेला घरमा रहेको मिटर बक्स बन्द गर्ने क्रममा चट्याङ लागेर गम्भीर घाइते भएकी राईलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र नुमतर्फ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो ।*

*यी घटना चट्याङबाट हुने क्षतिका केही उदाहरण मात्र हुन् । बाढी र पहिरोजस्ता देखिने विपद्को तुलनामा कम चर्चा हुने चट्याङले पनि हरेक वर्ष ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याउँदै आएको छ ।*

*कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पछिल्लो पाँच वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ देखि चालु आव २०८२/८३ को असारसम्म चट्याङका कारण ६६ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४४ पुरूष र २२ महिला छन् । सो अवधिमा २१८ जना घाइते भएका छन् । घाइतेमध्ये ११५ पुरूष र १०३ महिला छन् ।*

*प्रदेश प्रहरी कार्यालयका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार पुरूषहरु बाहिरी काममा बढी संलग्न हुने भएकाले महिलाको तुलनामा पुरूष चट्याङको जोखिममा बढी पर्ने गरेका छन् ।*

बाँकी ४ पेजमा ▸▸

## मेची सहकारीको प्रतिवेदन सार्वजनिक



**दमक/** मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आगामी आर्थिक वर्ष २०८३/०८४ मा शेयर सदस्य संख्या २१ हजार ७७३ पुऱ्याउने लक्ष्य सार्वजनिक गरेको छ । संस्थाको ३०औँ वार्षिकोत्सव तथा ३२औँ साधारणसभाको प्रतिवेदन सार्वजनिक गर्दै सहकारीले बचत, कर्जा, शेयर पुँजी र कोष विस्तारसहितको वित्तीय लक्ष्य अघि सारेको हो । आगामी आर्थिक वर्षमा संस्थाले शेयर पुँजी ४३ करोड ५५ लाख ८ हजार ५ सय रूपैयाँ, बचत ४ अर्ब ४० करोड ६८ लाख ८० हजार रूपैयाँ र कर्जा लगानी ४ अर्ब ३३ करोड ४५ लाख रूपैयाँ पुऱ्याउने लक्ष्य लिएको छ । यस्तै, कोष ४८ करोड ७३ लाख ८ हजार ५ सय रूपैयाँ, मुनाफा ६ करोड ५ लाख ५५ हजार रूपैयाँ र वासलात ५ अर्ब ४८ करोड ६३ लाख ३३ हजार रूपैयाँ पुऱ्याउने लक्ष्य प्रतिवेदनमा उल्लेख छ ।

संस्थाले सदस्यसँगको आर्थिक कारोबार विस्तारसँगै आगामी वर्ष विभिन्न नयाँ कार्यक्रम सञ्चालन गर्ने योजना पनि सार्वजनिक गरेको छ । कृषक सदस्यसँग सहकारी कार्यक्रम सञ्चालन गर्न स्थानीय सहकारी तथा दुग्धजन्य पशुपालनका लागि जग्गा भाडामा लिने, उत्पादन बिक्रीका लागि सहजीकरण गर्ने तथा आवश्यकताअनुसार वित्तीय सहयोग गर्ने योजना संस्थाको छ ।

त्यसैगरी, नियामक निकायबाट स्वीकृति प्राप्त भएमा मेची सहकारी आवास परियोजनाका लागि जग्गा खरिद गर्ने र योजना अघि बढाउने तयारी गरिएको छ ।

बाँकी ४ पेजमा ▸▸

### दमकमा ग्यास अभावबारे अनुगमन

## कम्पनीबाटै आपूर्ति घटेको व्यवसायीको गुनासो

दमक । दमकमा खाना पकाउने एलपी ग्यासको अभाव भएको निरन्तर गुनासो आएपछि दमक नगरपालिकाले ग्यास डिलर तथा पसलहरूको अनुगमन गरिरहेको छ । नगरपालिकाले ग्यासको वास्तविक अवस्था बुझ्नुका साथै आपूर्ति तथा वितरणमा समस्या भए त्यसको कारण पहिचान गर्ने उद्देश्यले अनुगमनलाई निरन्तरता दिएको हो ।

बिहीबार दमक नगरपालिका वडा नं. १ र २ का १२ वटा ग्यास डिलर तथा पसलमा अनुगमन गरिएको दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोपाल गुरागाईंले जानकारी दिए । उनका अनुसार दमक-२ को हिमाली क्षेत्र, बाङ्गी चोक, आमचोक, बेलडाँगी, गोलाटार हुँदै वडा नं. १ का विभिन्न क्षेत्रमा रहेका डिलरमा टोली पुगेको थियो ।

अनुगमनका क्रममा कुनै पनि डिलर वा पसलमा ग्यास लुकाएर राखेको नपाइएको गुरागाईंले बताए । केही ग्यास कम्पनीबाटै दमक क्षेत्रमा अपेक्षित मात्रामा ग्यास आपूर्ति नभएको व्यवसायीहरूले गुनासो गरेको उनले जानकारी दिए । त्यसैले कुन कम्पनीबाट किन ग्यासको आपूर्ति घटेको हो भन्ने विषयमा थप बुझ्नुपर्ने अवस्था देखिएको उनको भनाइ छ ।

बाङ्गी चोकमा भने केही डिलरले ग्यास अभाव भएका उपभोक्तालाई बिक्री गर्न सिलिण्डर बाहिरै राखेको अवस्थामा भेटिएको थियो । त्यहाँ २० भन्दा बढी

बाँकी ४ पेजमा ▸▸


**इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं**

- **इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,**
- **निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,**
- **बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,**
- **धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,**
- **इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,**
- **परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।**

***स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं ।***

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# सम्पादकीय

## हात्तीको करिडोर जोगाऔं

झापामा पछिल्लो १६ वर्षमा जङ्गली हात्तीको आक्रमणबाट ८० जनाले ज्यान गुमाउनु र मानव-हात्ती द्वन्द्वमा २८ वटा हात्ती मर्नु सामान्य वन्यजन्तु-मानव द्वन्द्व होइन । यो बढ्दो जोखिम, कमजोर व्यवस्थापन र हात्तीका परम्परागत आवागमन मार्गमाथि बढ्दो मानवीय दबाबको परिणाम हो । औसतमा हरेक वर्ष पाँच जनाको ज्यान जानु राज्य र समाज दुवैका लागि गम्भीर चेतावनी हो । यो तथ्यांकले हात्ती संरक्षणको परम्परागत दृष्टिकोण पुनर्विचार गर्नुपर्ने देखाउँछ । हात्तीलाई जंगलभित्र सीमित राख्ने प्रयास मात्र पर्याप्त हुँदैन । उनीहरुको प्राकृतिक जीवनचक्र, आवागमन र बासस्थानलाई ध्यानमा राख्दै जंगल, करिडोर र मानव बस्तीबीचको सम्बन्ध वैज्ञानिक ढंगले व्यवस्थापन गर्नुपर्छ । वन अतिक्रमण, बस्ती विस्तार, कृषिबालीतर्फ हात्ती आकर्षित हुनु, सडक तथा पूर्वाधार निर्माण र परम्परागत मार्ग अवरूद्ध हुनु द्वन्द्वका प्रमुख कारण हुन् । हात्तीले बाटो परिवर्तन गरेको हो वा मानिसले हात्तीको बाटोमै बस्ती विस्तार गरेको हो भन्ने विषयमा वैज्ञानिक अध्ययन आवश्यक छ । तथ्यमा आधारित भूमि व्यवस्थापनबिना द्वन्द्व समाधानको प्रयास दीर्घकालीन बन्न सक्दैन ।

चितवनको भरतपुर महानगरपालिका-२३ बेलहट्टामा जङ्गली हात्तीको आक्रमणमा २५ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेको मृत्यु हुनु पछिल्लो दुःखद उदाहरण हो । घरमै सुतिरहेका मानिससमेत सुरक्षित नरहने अवस्था आउनु द्वन्द्व बस्तीको ढोकासम्म पुगेको प्रमाण हो । राहत आवश्यक भए पनि राहत वितरणले मात्र समस्या समाधान हुँदैन ।

नेपालमा हात्तीको संख्या तुलनात्मक रुपमा ठूलो नभए पनि जीवनचक्र पूरा गर्न उनीहरुलाई ठूलो भू-भाग आवश्यक पर्छ । खाना, पानी र प्रजननका लागि लामो दूरीसम्म आवतजावत गर्ने हात्तीका लागि जंगल जोड्ने करिडोर अत्यन्त महत्वपूर्ण हुन्छन् । त्यसैले हात्ती संरक्षण जंगलभित्रको संरक्षणमा मात्र सीमित हुनु हुँदैन ।

सरकारले सन् २०२५ देखि २०३५ सम्मको हात्ती संरक्षणसम्बन्धी दशवर्षे कार्ययोजना अघि सारेको छ । बासस्थान तथा करिडोर संरक्षण, द्वन्द्व न्यूनीकरण र स्थानीय समुदायको सहभागितालाई प्राथमिकता दिइनु सकारात्मक हो । तर योजना बन्नु मात्र पर्याप्त छैन । यसको प्रभावकारी कार्यान्वयन अबको मुख्य चुनौती हो । हात्तीका परम्परागत मार्ग पहिचान गरी त्यस्ता क्षेत्रमा अनियन्त्रित बस्ती तथा पूर्वाधार विस्तार रोक्नुपर्छ । जोखिमयुक्त क्षेत्रमा प्रभावकारी पूर्वसूचना प्रणाली, सुरक्षित विद्युतीय बारलगायत वातावरणमैत्री उपाय अपनाउनुपर्छ । हात्ती बस्तीमा प्रवेश गर्दा मानिसले भिडेर धपाउने अवस्था अन्त्य गर्न स्थानीय तह, वन कार्यालय, सुरक्षा निकाय र समुदायबीच तत्काल सूचना तथा उद्धार संयन्त्र आवश्यक छ ।

द्वन्द्वमा मानिस मात्र होइन, हात्तीसमेत मारिएका छन् । करेन्ट, विष, पासो र प्रतिशोधका कारण हात्ती मर्नु संरक्षणका लागि अर्को गम्भीर चुनौती हो । त्यसैले उद्देश्य हात्तीलाई मानिसबाट टाढा राख्नु मात्र होइन, मानिस र हात्तीबीच सुरक्षित सहअस्तित्व कायम गर्नु हुनुपर्छ ।

स्थानीय समुदायलाई संरक्षणको साझेदार बनाउँदै राहत तथा क्षतिपूर्ति प्रणाली सहज र प्रभावकारी बनाउनुपर्छ । जोखिम क्षेत्रका बासिन्दालाई समयमै सूचना दिने व्यवस्था र हात्तीको व्यवहारबारे निरन्तर सचेतना आवश्यक छ । विश्व हात्ती दिवसलाई औपचारिक उत्सवमा सीमित नगरी व्यवहारिक प्रतिबद्धताको अवसर बनाउनुपर्छ । हात्ती सुरक्षित राख्न जंगल मात्र होइन, हात्ती हिँड्ने बाटो पनि सुरक्षित राख्नुपर्छ । वैज्ञानिक भूमि व्यवस्थापन, सुरक्षित करिडोर, प्रभावकारी पूर्वसूचना र समुदायको सहभागिताबाट मात्रै मानिस र हात्ती दुवैको सुरक्षा सम्भव हुनेछ ।

# लेखनमा एआई प्रयोग हानिकारक



✍ ब्रेट स्टेफेन्स

**एआईको समस्या भन्नु नै दिमाग बोधो बनाउनु हो । यो भनेको भऱ्याङ चढ्न लिफ्ट लिएजस्तो हो । एआई यत्रतत्र सर्वत्र बन्दाखेरि यसले हाम्रो तर्क क्षमतामा मात्रै ह्रास ल्याउँदैन, यसले त समाजको सोच्ने, सिर्जना गर्ने, चासो राख्ने कुरा नै सकिदिन्छ । अहिले नै पठन संस्कृतिको गिरावट भएको दस्तावेजमा हामी जानकार नै छौँ ।**

यो स्तम्भ 'तर्क' होइन 'बिन्ती' हो । आफ्नो लेखनमा कुनै हालतमा एआई प्रयोग नगर्नुस् । तपाईंको लेखनकार्यमा एआई ल्याउँदै नल्याउनुहोस् । यसलाई स्कुल पेपरमा, कार्यसम्पादनमा, पत्र लेखनमा, कम्पनी भेलाको भाषण लेखनमा वा साथीभाइ तथा सहकर्मीलाई लेख्ने इमेलमा प्रयोग गर्दै नगर्नुहोस् । आफ्नो नोट व्यस्थित गर्न पनि यसको प्रयोग गर्दै नगर्नुस् । आफ्नो वाक्य कसरी सुरू गर्ने वा कसरी अन्त्य गर्नेबारेमा यसको सल्लाह नलिनुस् । यसलाई पहिलो मस्यौदा लेख्न नदिनुस् । त्यो भ्रमबाट पनि मुक्त हुनुस् कि यसले सम्पादन मात्रै गर्दा लेखन तपाईंकै हुनेछ । त्यस्तो हुँदैन ।

एआईले लेख्नु अनैतिक हो जहाँ शब्द, धारणा र सूचना तपाईंले आफ्नैजस्तो गरेर छलकपट गर्नुहुन्छ, जबकि त्यो तपाईंको हुँदै होइन । यसको स्विकारोक्तिले एकखालको समस्याको हल गर्छ । यी सबै गर्न बन्द गर्नुस्, किनभने तपाईंले एआईभन्दा राम्रो लेख्ने क्षमता विकास गर्न सक्नुहुन्छ । हुन त अहिले पनि तपाईंको लेखन, हँकाइ वा चेस खेल क्षमता एआईभन्दा बबाल राम्रो हुनसक्छ ।

एआईको समस्या भन्नु नै दिमाग बोधो बनाउनु हो । यो भनेको भऱ्याङ चढ्न लिफ्ट लिएजस्तो हो । एआई यत्रतत्र सर्वत्र बन्दाखेरि यसले हाम्रो तर्क क्षमतामा मात्रै ह्रास ल्याउँदैन, यसले त समाजको सोच्ने, सिर्जना गर्ने, चासो राख्ने कुरा नै सकिदिन्छ । अहिले नै पठन संस्कृतिको गिरावट भएको दस्तावेजमा हामी जानकार नै छौँ । एआईले लेखनमा ह्रास ल्याइसकेको छ, र त्यस्तो युगको जन्म दिँदै छ जसलाई रोज होरोविजले 'पोस्टलिटरेट एज' अर्थात्, उत्तरसाक्षर युगको उपमा दिएका छन् ।

लेखनले गर्ने मौलिकताचाहिँ के हो त ? यसले दबाबचाहिँ सिर्जना गर्छ । यसले बोल्ने भाषाले हत्तपत्त नदेखाउने बाटोसम्म जान दबाब दिन्छ । यसले हामीलाई विषयलाई राम्रोसँग प्रस्तुत गर्नेबारेमा, व्याकरणलाई मिलाउनेबारेमा, बौद्धिकताको परीक्षण तथा संगठन गर्नेबारेमा, अरूको निरीक्षण गर्नेबारेमा दबाब दिन्छ । यी सबै गरिरहँदा यसले हामीलाई प्रस्ट, तार्किक, तथ्यगत र उत्तरदायी बनाउँछ । मान्छेले रिसाएको बेला भएका शब्द बिर्सन सक्छन् । तर, रिसाएर लेखेको कुरा बिर्सन गाह्रो हुन्छ, किनभने लेख्नुको अर्थ हो यसबारेमा धेरै सोच-विचार गरिएको छ ।

सोच-विचार शब्दले माने राख्छ । यो हुनुको शक्ति हुन्छ, र नैतिक वजन हुन्छ । हामी बोलीचालीमा पनि भन्छौँ नि- म त्यो लिखतमै चाहन्छु । यसो भन्नुको अर्थ बोल्दा गलत भयो भन्ने होइन, लेख्दा प्रमाण भयो भन्नलाई पनि हो । तर, त्यही लेख्ने काम पनि आफैँले नगरेर तेस्रोपक्ष वा मेसिनले गरेपछि के होला ?

शब्द खोक्रा बन्छन् । छोरीको विवाहमा 'चियर्स' गर्ने वाक्य एआईलाई लेखाउने बाउ कल्पिनुस् त । त्यो माहौल एआईले कसरी महसुस गर्न सक्छ, बुझ्न सक्छ, र लेख्न सक्छ ? अनि कल्पिनुहोस् छोरीलाई थाहा हुन्छ कि त्यो एआईले लेखेको हो । त्यहो हुँदा उनी अपमानित नभए पनि निराश हुँदिनन् र ?

मान्छेले तर्क गर्न सक्छन् कि अरू व्यवसायिक काममा एआई प्रयोग गर्नु र विवाहजस्तो नितान्त कुरामा प्रयोग गर्नुमा फरक छ । तर, जुनसुकै काममा पनि लेखनका लागि प्रयोग गर्ने बौद्धिक मांशपेशी एकै हो । साधारण लेखकले जे गर्छ, त्यही काम निरन्तर गरेर नै राम्रो लेखक बन्ने हो । लेखनमा ज्यादा ध्यान र समय दिएरै हामी राम्रो लेखक बन्ने हो । अब एआईमा निर्भर हुँदा त्यो सम्भव छैन । झिनामसिना काममा पनि ध्यान दिएर आफ्नोपन दिएमा मात्रै हामी झन सिर्जनात्मक बन्न सक्छौँ ।

यी दक्षताहरु अब क्रमशः बिलाउँदैछन् । पछिल्लो एक अध्यननले भन्छ- विद्यावारिधिको शोधग्रन्थमा सामान्यभन्दा धेरै एआई प्रयोग गर्नेहरु ५६ प्रतिशत देखिए । १९ प्रतिशतको शोधग्रन्थ त ५० प्रतिशतभन्दा धेरै एआईले लेखेको पाइयो । एआईमा आश्रित विद्यार्थीको बाढी आइसकेपछि प्राध्यापन क्षेत्र चिन्तित छ । यो समस्यालाई चिटिङको कोणमा मात्रै व्याख्या गरेर पुग्दैन । चिटिङले एआईको वास्तविक क्षेत्र समेट्दैन । यो प्राज्ञिक निष्ठा र निजी विकासको कुरा मात्रै होइन, यो त लोकतान्त्रिक स्वायत्तताको कुरा पनि हो ।

आमसाक्षरता र प्रजातन्त्रको अभ्यूदयको धर्को जोडिएको सबैलाई थाहै छ । राम्रो लेखपढ गर्न सक्ने मान्छेले आफ्नो छनोट र अभियान गर्न ऐतिहासिक रूपमै सफल भएका छन् । यो सबै पद्धति उल्टोबाटोमा गए के हुन्छ ? मान्छेले केही वाक्य र केही पेजको तर्कको लागि पनि धैर्य गुमाउँदा के हुन्छ ? नियमित बानी नभएकोले तर्कलाई काट्ने प्रतितर्कको विकास नगर्दा के हुन्छ ?

यस्तो खालको दुनियाँ कस्तो हुन्छ भन्नेबारेमा हामीले राष्ट्रपति ट्रम्पका सामाजिक सञ्जालको भाषाबाट थाहा पाइसकेका छौँ । त्यसले लाखौँ अमेरिकीलाई पारेको प्रभावमा हामी जानकार छौँ । एआई अगाडि अर्थात्, एक दशकअगाडिको देशको अवस्था हेर्ने हो भने झन छर्लङ हुन्छ पढ्ने, लेख्ने र सोच्ने क्षमतामा हामी कति पछि पऱ्यौँ ?

अर्कोपटक इमेल वा टेक्स्टको अटोमेटेड जवाफ दिउँदिउँ लाग्ला तपाईंलाई, त्यसो नगर्नुस् । आफ्नै शब्द टाइप गर्नुहोस् । यसलाई आफ्नो स्वतन्त्र विचारको रूपमा सोच्नुहोस् । अथवा, ट्रम्प विरोधीलाई मतदान गर्नुहोस् । बोधो बन्दै गएको विश्वविरूद्धको लडाइँका लागि तपाईंका केही अतिरिक्त सेकेन्डले भूमिका खेल्नेछन् ।

(शनिवारको अंकमा न्यु योर्क टाइम्सको अन्तर्राष्ट्रिय संस्करणमा प्रकाशित लेखको भावानुवाद-शिलापत्र)

# स्थानीय तह र नोबेल अस्पतालबीच सहमति

इटहरी । इटहरी उपमहानगरपालिकाका स्वास्थ्य बीमा गरेका सेवाग्राही तथा विपन्न नागरिकले विराटनगरस्थित नोबेल मेडिकल कलेज टिचिङ हस्पिटलमा उपचार गराउँदा शल्यक्रियासहित विभिन्न स्वास्थ्य सेवामा २० प्रतिशतसम्म छुट पाउने भएका छन् ।

इटहरी उपमहानगरपालिका र नोबेल मेडिकल कलेजबीच नागरिकलाई सहज र सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सम्झौता भएपछि यस्तो सुविधा उपलब्ध हुने भएको हो ।

सम्झौताअनुसार इटहरी उपमहानगरपालिकाको सिफारिसमा उपचारका लागि आउने कोशी प्रदेशका बिरामीले समेत सम्झौतामा उल्लेखित उपचार सुविधा प्राप्त गर्नेछन् ।

उपमहानगरपालिकाका मेयर हेमकर्ण पौडेलले नागरिकलाई उपचारमा सहज पहुँच र आर्थिक भार कम गर्ने उद्देश्यले नोबेल मेडिकल कलेजसँग सहकार्य गरिएको बताए । स्वास्थ्य उपचारका क्रममा नागरिकले आर्थिक समस्या भोग्न नपरोस् र सहज रूपमा गुणस्तरीय सेवा पाउन सकून् भन्ने उद्देश्यले सम्झौता गरिएको उनको भनाइ छ ।

उपमहानगरपालिकाले नागरिकको स्वास्थ्य र उपचारमा पहुँचलाई प्राथमिकतामा राख्दै गरिएको सहकार्यलाई 'स्वस्थ नागरिक, समृद्ध इटहरी' अभियानको महत्वपूर्ण कदमका रूपमा लिएको जनाएको छ ।

उपमहानगरपालिकाका अनुसार आगामी दिनमा पनि नागरिकलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न स्वास्थ्य संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

यसैगरी, मोरङको बुढीगंगा गाउँपालिकाका बासिन्दालाई पनि विभिन्न उपचार सेवामा २० प्रतिशतसम्म छुट दिने भएको छ ।



विराटनगर महानगरपालिका-४ स्थित नोबेल मेडिकल कलेज र बुढीगंगा गाउँपालिकाबीच भएको सम्झौताअनुसार गाउँपालिकाको सिफारिसमा उपचारका लागि आउने बिरामीले सरकारी स्वास्थ्य उपचार योजना उपयोग गरिसकेपछि थप उपचार खर्चमा छुट पाउने भएका हुन् । यो सुविधा स्वास्थ्य बीमामा आबद्ध तथा बीमा निष्क्रिय रहेका बिरामीलाई समेत उपलब्ध हुने जनाइएको छ ।

सम्झौताअनुसार स्वास्थ्य बीमा, आमा सुरक्षा, विपन्न नागरिक औषधि उपचार कोषलगायत सरकारी कार्यक्रमबाट प्राप्त सुविधा उपयोग गरेपछि भर्ना शुल्कसहितका उपचार सेवामा २० प्रतिशत छुट दिइनेछ । छुट लिन गाउँपालिकाको सिफारिस, नागरिकताको प्रतिलिपि

तथा १६ वर्षमुनिका बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि आवश्यक पर्नेछ । कोशी प्रदेशका अन्य स्थानीय तहबाट सिफारिस भई आउने बिरामीले पनि यही सुविधा पाउनेछन् । तर त्यस्ता बिरामीले नोबेलमा प्रारम्भिक जाँच गराएको कागजात र थप उपचारका लागि रेफर गरिएको विवरण पेस गर्नुपर्नेछ । सम्झौताअनुसार आइभीएफ, प्लास्टिक तथा कस्मेटिक सर्जरी, केबिन उपचार, औषधि, इम्प्लान्ट, सर्जिकल तथा अन्य उपभोग्य सामग्रीमा भने छुट लागू हुने छैन ।

साउन २५ गतेदेखि लागू भएको सम्झौता २०८४ असार मसान्तसम्म कायम रहनेछ । नोबेलका महाप्रबन्धक दिपेश राईले सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्य सेवामा पहुँच सहज बनाउन सम्झौता गरिएको बताए । गाउँपालिका अध्यक्ष जितनारायण थापा मगरले सम्झौताले विशेषगरी स्वास्थ्य बीमामा आबद्ध नागरिकको उपचार खर्च घटाउन सहयोग पुग्ने बताए ।

# धनकुटामा गाँजा नष्ट

धनकुटा । प्रहरीले विभिन्न समयमा बरामद गरेको १ हजार ५२१ केजी अवैध गाँजा र प्रतिबन्धित लागूऔषधका १ हजार ८९७ थान ट्याब्लेट जलाएर नष्ट गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनकुटाले बुधबार धनकुटा नगरपालिका(९ मुलघाटस्थित तमोर नदी किनारमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी बरामद लागूऔषध नष्ट गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रवक्ता डीएसपी हेमन्त भण्डारी क्षेत्रीका अनुसार विभिन्न स्थानमा चेकजाँचका क्रममा बरामद गरिएको गाँजा सुरक्षित रूपमा राखी कानुनी प्रक्रिया पूरा गरेपछि नष्ट गरिएको हो ।

नष्ट गरिएको गाँजामध्ये गत साउन २१ गते कोशी लोकमार्गअन्तर्गत साँगुरीगढी गाउँपालिका-६ भेडेटार चोकमा ट्रक चेकजाँचका क्रममा बरामद ६४७ केजी गाँजा समेत रहेको प्रहरीले जनाएको छ । धनकुटाबाट विराटनगरतर्फ जाँदै गरेको ना.३ ख ५०९५ नम्बरको ट्रकबाट उक्त गाँजा बरामद गरी दुई जनालाई पक्राउ गरिएको थियो ।

यस्तै, गत साउन १६ गते साँगुरीगढी गाउँपालिका(४ स्थित जनता आवासका लागि निर्माण गरिएको खाली घरमा ४० वटा बोरामा भण्डारण गरिएको अवस्थामा ८०४ केजी गाँजा बरामद गरिएको थियो । उक्त घटनामा पनि दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

यी दुई घटनाबाट मात्रै १ हजार ४५१ केजी गाँजा बरामद भएको थियो । अन्य विभिन्न समयमा बरामद गरिएको समेत गरी कुल १ हजार ५२१ केजी गाँजा नष्ट गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले गाँजासँगै जिल्लाका विभिन्न स्थानबाट बरामद गरेको प्रतिबन्धित लागूऔषध ट्रामाडोल, डाइसाइक्लोमिन हाइड्रोक्लोराइड र डाइसाइक्लोमिन एचसीआई( आईपी गरी १ हजार ८९७ थान ट्याब्लेटसमेत नष्ट गरेको छ ।

विभिन्न समयमा प्रतिबन्धित लागूऔषध ओसारपसारमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लिई उनीहरूबाट बरामद गरिएको लागूऔषध कानुनी प्रक्रिया पूरा गरी नष्ट गरिएको डीएसपी भण्डारीले जानकारी दिए ।

पछिल्लो समय धनकुटामा गाँजा ओसारपसारमा संलग्न व्यक्ति तथा लागूऔषध नियन्त्रणमा लिने क्रम बढेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीले कोशी लोकमार्ग तथा जिल्लाका विभिन्न नाकामा निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाउँदै लगेको जनाएको छ ।

# शिवसताक्षीको अस्थायी प्रहरी चौकीलाई फ्रिज सहयोग

शिवसताक्षी । जेनजी आन्दोलनका क्रममा देशका विभिन्न स्थानमा सुरक्षा चुनौती बढेका बेला पनि ठूलो असर नपरेको शिवसताक्षीमा कार्यरत प्रहरीलाई स्थानीय समुदायले आवश्यक सामग्री सहयोग गर्दै आएका छन् । प्रहरी अभावको अवस्था रहे पनि समुदाय र सुरक्षाकर्मीबीचको सहकार्यलाई निरन्तरता दिँदै शिवसताक्षी नगरपालिका-१० ले माइधारस्थित अस्थायी प्रहरी चौकीलाई फ्रिज उपलब्ध गराएको छ ।

चरम गर्मीका बेला सीमित जनशक्तिका साथ कार्यरत प्रहरी कर्मचारीको सहजताका लागि वडा कार्यालय, स्थानीय चौकी उपभोक्ता समिति तथा स्थानीयवासीको सहयोगमा फ्रिज उपलब्ध गराइएको हो । वडा अध्यक्ष हर्कबहादुर सिगुका अनुसार प्रहरी आम समुदायको साथी भएकाले अप्ठ्यारो पर्दा प्रहरी र समुदाय एकअर्काको साथमा उभिनुपर्ने मान्यताअनुसार सहयोग गरिएको हो ।

अध्यक्ष सिगुले भने, "प्रहरी आम समुदायको साथी हो । अप्ठ्यारो पर्दा एकअर्कालाई साथ र सहयोग गर्ने हाम्रो परम्परा हो । यही भावनाअनुसार अस्थायी प्रहरी चौकीलाई आवश्यक सामग्री उपलब्ध गराएर राष्ट्रसेवक प्रहरी कर्मचारीलाई सहज वातावरणमा काम गर्ने अवस्था बनाउने प्रयास गरेका हौँ ।"

स्थानीय चौकी उपभोक्ता समितिको केही बजेट तथा स्थानीयवासीको सहयोगमा खरिद गरिएको फ्रिज वडा अध्यक्ष सिगुसहित सामाजिक क्षेत्रका व्यक्तित्वहरूको उपस्थितिमा अस्थायी प्रहरी चौकी शिवसताक्षी(१०, माइधारका इन्चार्ज असई केशव बन्जारा शर्मालाई हस्तान्तरण गरिएको हो ।

फ्रिज हस्तान्तरणपछि असई शर्माले चरम गर्मीको समयमा सानो समूहमा कार्यरत प्रहरी कर्मचारीको सहजताका लागि आवश्यक सामग्री उपलब्ध गराएकोमा वडा तथा स्थानीयवासीप्रति आभार व्यक्त गरे । उनले समुदायबाट प्राप्त यस्तो सहयोगले प्रहरी कर्मचारीलाई आफ्नो जिम्मेवारी थप सहज र उत्साहका साथ निर्वाह गर्न प्रेरणा मिल्ने बताए ।

स्थानीयवासीका अनुसार प्रहरी चौकीमा सीमित स्रोतसाधनका बीच सुरक्षाकर्मीले स्थानीयको सुरक्षा र शान्तिसुव्यवस्था कायम गर्न भूमिका निर्वाह गर्दै आएका छन् । त्यसैले प्रहरीलाई आवश्यक पर्ने आधारभूत सामग्री उपलब्ध गराउनु समुदायको समेत दायित्व भएको उनीहरूको भनाइ छ ।

समाज र सुरक्षाकर्मीबीचको सहकार्य, आपसी सद्भाव र सहयोगको यो प्रयासले स्थानीय स्तरमा सकारात्मक सन्देश दिएको छ । यस्ता मानवीय तथा सामुदायिक पहलले प्रहरी र नागरिकबीचको सम्बन्ध अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

# एनसेल शेयर कारोबारबारे छानबिन प्रतिवेदन सार्वजनिक



दमक । सरकारले एनसेल आजियाटाको शेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०८० सार्वजनिक गर्दै पछिल्लो शेयर कारोबारलाई यथास्थितिमा स्वीकार नगर्न सुझाव दिएको छ । पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित समितिले खरिद-बिक्री सम्झौता, कारोबार मूल्य, कानुनी प्रक्रिया, विदेशी लगानी तथा सम्भावित क्रसहोल्डिङलगायत विषयमा प्रश्न उठाएको हो ।

मन्त्रिपरिषद्को मंगलबारको बैठकले प्रतिवेदन सार्वजनिक गर्दै त्यसमा उल्लिखित सुझाव कार्यान्वयन गर्ने निर्णय गरेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले प्रतिवेदन सार्वजनिक गरेको हो । समितिका अनुसार एनसेल साविकको स्पाइस सेल प्रालिका रूपमा विसं २०५८ मा स्थापना भएयता १४ पटक शेयर तथा स्वामित्व खरिद-बिक्री भएको छ । तीमध्ये अधिकांश कारोबार नेपालबाहिर अफसोर संरचनामार्फत भएको र सम्बन्धित अभिलेख तथा विवरण नेपालका आधिकारिक निकायमा पूर्ण रूपमा पेस भएको नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

समितिले आजियाटा ग्रुप बर्हाड मलेसिया र स्पेक्ट्रलाइट यूकेबीच १ डिसेम्बर २०२३ मा भएको ८० प्रतिशत शेयर खरिद-बिक्री सम्झौता नेपाली कानुनअनुसार आवश्यक पूर्वस्वीकृति नलिई गरिएको निष्कर्ष निकालेको छ । सम्झौतामा प्रारम्भिक प्रतिफल पाँच करोड अमेरिकी डलर भए पनि भविष्यका लाभांश तथा अन्य सम्भावित दायित्वसमेत जोडिने भएकाले कारोबारको वास्तविक मूल्य यकिन गर्न कठिन रहेको समितिको भनाइ छ ।

समितिले सम्झौता समान व्यावसायिक व्यवहारको सिद्धान्तमा आधारित नरहेको र विक्रेता पक्ष हावी भएको निष्कर्ष निकालेको छ । शेयर बिक्रीपछि पनि विक्रेताले लामो समयसम्म लाभांश पाउने, मुद्दा प्रक्रियामा सहभागी हुन सक्ने तथा कम्पनीका केही दायित्वबाट अलग रहने प्रावधानले कारोबारको स्वाभाविकतामाथि प्रश्न उठाएको प्रतिवेदनमा उल्लेख छ ।

एनसेलले नेपालमा व्यवसाय सुरू गरेदेखि प्रविधिसहित आठ करोड विदेशी र दुई करोड स्वदेशी लगानी गरेको जनाएको समितिले सो अवधिमा कम्पनीले एक खर्ब १३ अर्ब ५८ करोड रूपैयाँ नाफा कमाएको र ९३ अर्ब ५० करोड रूपैयाँ लाभांश घोषणा गरेको विवरण प्रस्तुत गरेको छ । घोषित लाभांशमध्ये ६६ अर्ब ९५ करोडभन्दा बढी रकम विदेश लगिएको र स्वदेशी शेयरधनीले १९ अर्ब २५ करोड प्राप्त गरेको प्रतिवेदनमा उल्लेख छ । कम्पनीले कर तथा गैरकर राजस्वबापत नेपाल सरकारलाई करिब तीन खर्ब दुई अर्ब रूपैयाँ बुझाएको पनि समितिले जनाएको छ ।

समितिले एनसेल र स्मार्ट टेलिकमबीच सम्भावित आर्थिक हित तथा क्रसहोल्डिङको विषयसमेत उठाएको छ । स्मार्ट टेलिकम प्राप्त भए थप एक करोड अमेरिकी डलर भुक्तानी गर्नुपर्ने सम्झौताको प्रावधानका आधारमा दुवै कम्पनीका शेयरधनीबीच आर्थिक सम्बन्ध हुनसक्ने समितिको निष्कर्ष छ ।

कारोबार मूल्यप्रति पनि समितिले प्रश्न उठाएको छ । एनसेल र खरिदकर्ता पक्षले कम्पनीको व्यावसायिक मूल्य ४० देखि ४५ करोड अमेरिकी डलर रहेको दाबी गरे पनि शेयर खरिद(बिक्री सम्झौता र वित्तीय विवरणसँग उक्त मूल्य मेल नखाएको समितिको ठहर छ ।

समितिले खरिदकर्ता कम्पनीको प्राविधिक, वित्तीय तथा व्यवस्थापकीय क्षमता, लगानीको स्रोत, सञ्चालकको पृष्ठभूमि, सम्भावित क्रसहोल्डिङ, कारोबारको पारदर्शिता र मूल्यको विश्वसनीयता अध्ययन गरेर मात्र सरकारले निर्णय गर्नुपर्ने सुझाव दिएको छ । साथै विगतका कारोबारमा राजस्व चुहावट, विदेशी मुद्रा अपचलन तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी सम्भावित विषयमा सम्बन्धित निकायबाट अनुसन्धान गर्नुपर्ने सुझावसमेत दिइएको छ ।

प्रतिवेदनले एनसेलको पछिल्लो कारोबार मात्र नभई कम्पनी स्थापनादेखिको स्वामित्व परिवर्तन, अफसोर कारोबार, लाभांश प्रवाह, कर दायित्व, विदेशी लगानी र नियामकीय अनुपालनसम्मका विषय समेट्दै दूरसञ्चार क्षेत्रको नियामकीय क्षमता सुधार गर्नसमेत सरकारलाई सुझाव दिएको छ ।

## पुस्तक साभार



### नेपालको इतिहास र समाज अध्ययन

डा. सूर्यमनि अधिकारी

### मीरकासिमको पराजय

दिग्बन्धन सेनले अन्तिम प्रयत्नस्वरूप आफ्ना मन्त्री कनकसिंह बानियाँलाई पठाएर बङ्गाल र विहारका नवाब (मुसलमान शासक) मीरकासिमसँग मकवानपुर फिर्ता गराइदिन मदत मागे । मीरकासिमले पनि निम्नलिखित कुराहरूलाई विचार गरी दिग्बन्धन सेनको सहयोगका लागि सेना पठाए :

(१) त्यस बखत भारतमा अङ्ग्रेजहरूको साम्राज्यवादी दबाब बढिरहेको थियो । मीरकासिम अङ्ग्रेजहरूको दबाबबाट मुक्त हुन नेपालको पहाडीखण्डमा सुरक्षास्थलको खोजीमा थिए । उनी मकवानपुरबाट अघि बढेर क्रमशः उपत्यकामाथि अधिकार गर्न चाहन्थे। गोर्खालीहरूको विजय अभियान उनका लागि बाधक बन्दै थियो ।

(२) उपत्यकामा प्रशस्त धनसम्पत्ति छ भन्ने सुनेकाले उनी त्यो धनसम्पत्ति हस्तगत गरी आफ्नो सैन्यशक्ति सुदृढ तुल्याउन सकिन्छ कि भन्ने सोचाइमा थिए ।

(३) मकवानपुरलगायत चौबीसे राज्यका राजाहरु उनलाई बडो आदर गर्दथे । तसर्थ मकवानपुरको सहयोगको याचनालाई उनले सर्वथा उपेक्षा गर्न सकेनन् ।

(४) उनले निकट भविष्यमा नै अङ्ग्रेजी शक्तिसँग आफ्नो टक्कर पर्ने सम्भावना देखेका थिए । यसर्थ उनले आर्मेनिया निवासी ग्रेगोरी नामका सैनिक विशेषज्ञलाई झिकाएर गुरगीन खाँ भन्ने नयाँ नाम दिई सेनापति बनाएर सैनिक सङ्गठन गर्न लगाएका थिए । उनी यसै मौकामा गोर्खालीहरूसँग आफ्ना सैनिकलाई लडाएर उनीहरूको युद्ध क्षमता परीक्षण गर्न चाहन्थे ।

मीरकासिमले सेनापति गुरगीन खाँकै नेतृत्वमा करीब २,००० सेना मकवानपुरबाट गोर्खालीहरूलाई लखेट्न भनी पठाए । उनीहरु वि.सं. १८१९ पौष २७ गते मकवानपुर घेराउ गर्न आइपुगे । त्यतिखेर पृथ्वीनारायण शाह दहचोकमा थिए । मुसलमानी आक्रमणको खबर पाउनेबित्तिकै उनले वंशराज पाण्डे र केहरसिंह बस्नेतको नेतृत्वमा मकवानपुरको रक्षाका लागि फौज पठाए । रामकृष्ण कुँवर पनि फौज लिएर पुगे । गोर्खालीहरूले माथिबाट उकालोमा एक्कासि आक्रमण गरिदिंदा मुसलमानी सैन्यको दुर्दशा भयो । लगभग १७०० मुसलमानी सैनिक मारिए । गोर्खाली पक्षका ३० जना जति मात्र परे। बचेका सैनिकसाथ गुरगीन खाँ ज्यान जोगाएर भागे । उनीहरूले छोडेका पाँच-सात सय बन्दुक र केही तोपहरु गोर्खालीहरूले हात पारे । पछिका युद्धमा यिनको ठूलो काम आयो ।

दिग्बन्धन सेन र कनकसिंह बानियाँ खुंडाघाटमा रहेर युद्धको नतिजा पर्खिरहेका थिए । यो थाहा पाएर गोर्खालीहरूले त्यहाँ पनि हमला गरे । दिग्बन्धन सेन र कनकसिंह बानियाँ त कुनै प्रकारले उम्कन सके तर दिग्बन्धनका परिवार गोर्खालीहरूको कब्जामा परे । लाचार भई दिग्बन्धन सेन पनि फर्केर आई आत्मसमर्पण गरे । उनलाई परिवारसहित नुवाकोट लगी कैद गरियो । क्रमशः........

# फोनिजद्वारा पत्रकार सम्मानित

इटहरी । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २७ औं स्थापना दिवसको अवसरमा तेह्रथुममा आयोजित विशेष समारोहमा पत्रकार द्वय मनोज कुङ्बा र राजकुमार तेयुङ तारेबा सम्मानित हुनुभएको छ ।

फोनिज जिल्ला कार्यसमिति तेह्रथुमको आयोजनामा सम्पन्न तारा बहादुर कन्दङ्वा फोनिज पत्रकारिता पुरस्कार-२०८३ तथा फोनिज मातृभाषा पत्रकारिता सम्मान अर्पण समारोहमा पत्रकारद्वयलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो । कार्यक्रममा पत्रकारिता क्षेत्रमार्फत समाजमा पुऱ्याएको योगदान र मातृभाषाको संरक्षण तथा प्रवर्द्धनमा खेलेको भूमिकाको कदर गर्दै उहाँहरूलाई सम्मान गरिएको जनाइएको छ ।




## जानकारी

# भिण्डी सुगर रोगीका लागि अमृत

भिण्डी सुगर रोगीका लागि अमृत मानिन्छ । भिण्डीको तरकारी धेरैको घरमा खाने गरिन्छ । भिण्डी तरकारी खाने मानिसमा भिटामिन सी, भिटामिन बी र फोलेट, म्याग्नेसियम जस्ता आवश्यक तत्त्वहरु प्राप्त हुन्छन्, जुन स्वास्थ्यका लागि निकै फाइदाजनक मानिन्छ । यसको सेवनले रगतमा चिनीको मात्रा सामान्य रहन्छ ।

यति मात्र होइन, यसले पाचन शक्ति बढाउन पनि मद्दत गर्छ । यसको तरकारी खाँदा कोलेस्ट्रोल नियन्त्रणमा रहन्छ । यो स्थानीय बजारमा सजिलै उपलब्ध छ र धेरै फाइदाहरु प्राप्त गर्न उपभोग गर्न सकिन्छ ।

यो खाँदा भिटामिन सी पाइन्छ, जसले आँखाको ज्योति पनि बढाउँछ । हड्डी पनि बलियो रहन्छ। रोगसँग लड्ने तपाईंको शक्ति पनि बढ्छ, जसको मतलब यो रोग प्रतिरोधात्मक क्षमताको लागि पनि उत्कृष्ट छ। यसलाई कम तेल र मसला मिसाएर खाँदा शरीरलाई धेरै फाइदा हुन्छ । विशेषगरी सुगरका बिरामीले यो सिजनभर सेवन गर्नुपर्छ ।

भिण्डी खानुका अन्य बेफाइदाः

यसलाई धेरै चीजहरूसँग सेवन गर्दा धेरै हानी पनि हुन सक्छ। अब हामी तपाईंलाई यसबाट हुने हानिहरूको बारेमा बताउन गइरहेका छौं, जुन तपाईंको लागि निकै महत्त्वपूर्ण छ ।

भिण्डी र दूधसँगै खानु हुँदैन। दुबैमा क्याल्सियम पाइन्छ । भिण्डीमा क्याल्सियमसँगै अक्सालेट पाइन्छ, जसले गर्दा पत्थरी हुने सम्भावना बढ्छ । यही कारण दूध र भिण्डी सँगै खानु हुँदैन ।

यति मात्र होइन, करेलासँग भिण्डी खानु हुँदैन । दुवै सँगै खाँदा पेटको समस्या हुन सक्छ । करेलामा चिसो प्रभाव हुन्छ । यही कारणले भिण्डी र करेला सँगै खाँदा हानि हुन्छ ।

भिण्डी सँगसँगै चिया पनि पिउनु हुँदैन । यो स्वास्थ्यका लागि पनि हानिकारक छ । चिया पिएर भिण्डी खाँदा अत्यावश्यक तत्त्वको प्रभावमा बाधा पुग्छ । भिण्डी र मूला पनि सँगैसँगै खानु हुँदैन । यी दुई एकसाथ सेवन गर्दा पेटमा ग्याँस बन्ने गर्छ । मूलामा सल्फर तत्त्व पाइन्छ, जसले ग्याँस उत्पादन गर्न ढिलाइ गर्दैन, जसले तपाईंको समस्या बढाउन सक्छ ।

साथै, मासु र भिण्डी सँगै खानु हुँदैन । दुवै पचाउन धेरै समय लाग्छ, जसका कारण पाचन समस्या हुन सक्छ । -

स्वास्थ्य खवरबाट

## मनोरञ्जन

# नायिका स्वस्तिमा खड्का ४० अन्डर ४० बाट सम्मानित



नायिका स्वस्तिमा खड्का अनलाईन खबरको '४० अन्डर ४०' सूचीमा समावेश भएकी छन् । सूचीमा परेपछि राष्ट्रपति कार्यालयमा सम्मान ग्रहण गर्न पाउँदा आफूलाई विशेष क्षणको अनुभूति भएको उनले बताएकी छन् ।

सम्मानले खुसीसँगै थप जिम्मेवारीको बोध गराएको उल्लेख गर्दै खड्काले आफूले गरिरहेका काम र आगामी छनोटबारे अझ गम्भीर भएर सोच्नुपर्ने अवस्था आएको बताइन् ।


'४० पुग्न अझै धेरै वसन्त बाँकी छन्,' उनले भनेकी छन्, 'ती वर्षहरूमा अझ धेरै सिक्दै जिम्मेवार छनोट गर्न र समयसँगै अर्थपूर्ण बन्दै जाने काम गर्न सकूँ भन्ने चाहना छ ।'

६०(७० वर्षको उमेरमा फर्केर हेर्दा आज प्राप्त सम्मानप्रति गर्व गर्न सक्ने गरी काम गर्ने आˆनो लक्ष्य रहेको उनले बताएकी छन् ।

सम्मानप्रति आभार व्यक्त गर्दै खड्काले '४० अन्डर ४०' मा आफूहरूसँगै सम्मानित अन्य ३९ जना व्यक्तित्वलाई पनि बधाई दिएकी छन् ।

## दैनिक राशिफल

आज मिति २०८३ साल साउन २९ गते शुक्रबार
14 Aug. 2026
तिथि: द्वितीया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): नयाँ अवसरले उत्साह बढाउनेछ। आम्दानीको स्रोत थपिन सक्छ ।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): काममा सफलता मिल्नेछ । पारिवारिक सम्बन्ध सुमधुर र

**मिथुन** (का कि कु घ ङ छ के को हा): नयाँ योजनाले गति लिनेछ । मित्रबाट सहयोग प्राप्त हुनेछ ।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): खर्च बढ्न सक्छ, सचेत रहनुहोस् । पुरानो काम पूरा हुनेछ ।

**सिंह** (मा मि मु मे मो टा टि टु टे): नेतृत्व क्षमताको प्रशंसा हुनेछ । व्यवसायमा लाभ मिल्नेछ ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): मेहनतको राम्रो परिणाम पाइनेछ । स्वास्थ्यमा सुधार आउनेछ ।

**तुला**: महत्वपूर्ण निर्णय लिन सकिनेछ । प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): रोकिएका काम अघि बढ्नेछन् । आर्थिक पक्ष बलियो बन्नेछ ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): यात्राको अवसर मिल्न सक्छ । नयाँ व्यक्तिसँग भेट हुनेछ ।

**मकर**: कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ । मेहनतले प्रतिष्ठा बढाउनेछ ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): नयाँ विचारले सफलता दिलाउनेछ । सहकर्मीबाट सहयोग मिल्नेछ ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): मनमा उत्साह बढ्नेछ । आर्थिक लाभको सम्भावना छ ।

# हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री बनाइँदै

**दमक/** हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री बनाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने अभियानले तीव्रता पाएको छ। सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र लगायतका सेवा नागरिकको घरदैलोसम्म पुऱ्याउने व्यवस्था कार्यान्वयनमा आएपछि हुलाक सेवाको प्रयोग विस्तार हुँदै गएको हो ।

नयाँ सरकार गठनपछि मन्त्रीपरिषद्को पहिलो निर्णयबाट कार्यान्वयनमा ल्याइएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' तथा सूचना तथा सञ्चार मन्त्रालयको प्रमुख १० कार्यभित्र हुलाकलाई सरकारी सामग्री ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्य अनुसार प्रगति हासिल भइरहेको छ ।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पंगेनीका अनुसार हाल हुम्लाबाहेक ७६ जिल्लामा सरकारी कागजात घरमै पुऱ्याउने योजना लागू भइसकेको छ भने हुम्लामा पनि कार्यान्वयनको अन्तिम तयारी भइरहेको छ । विभागको तथ्यांक अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयहरूमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत ढुवानी गरिएको छ । तीमध्ये आठ हजार ६६९ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुऱ्याएर वितरण गरिएको छ। त्यसैगरी, यातायात व्यवस्था विभागबाट प्राप्त १० लाख ३८ हजार ८०८ थान सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सातै प्रदेशका यातायात व्यवस्था कार्यालयहरूमा हुलाकमार्फत पुऱ्याइएको छ भने एक हजार ९९ थान अनुमतिपत्र सीधा घरदैलोमै पुऱ्याइएको छ ।

कर्णाली प्रदेशमा सवारी चालक अनुमतिपत्र घरमै पुऱ्याउन सुर्खेत हुलाक निर्देशनालय र प्रदेश सरकारबिच सम्झौता भई सेवा सुरू भइसकेको छ भने सुदूरपश्चिम प्रदेशमा पनि यस्तै सेवा विस्तार गर्न छलफल भइरहेको छ ।

यस्तै, शैक्षिक प्रमाणपत्रका लागि नेपाल खुला विश्वविद्यालय र जग्गाधनी पुर्जा तथा सरकारी कागजात ढुवानीका लागि भूमि व्यवस्था तथा अभिलेख विभागसँग सम्झौता भई सेवा सञ्चालनमा आइसकेको छ ।

---

***कोशीमा.....*** *कार्यालयका अनुसार आव २०७८/७९ मा १५ जना, आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १२ जना, आव २०८१/८२ मा १८ जना तथा चालु आव २०८२/८३ को असार २५ गतेसम्म नौ जनाको चट्याङका कारण मृत्यु भएको छ ।*

*पाँच वर्षको अवधिमा चट्याङबाट घाइते हुनेको संख्या सबैभन्दा बढी ओखलढुङ्गामा ४३ जना रहेको छ । भोजपुरमा ४०, उदयपुरमा ३३, खोटाङमा २७ र ताप्लेजुङमा १९ जना घाइते भएका छन् । त्यस्तै झापा र सुनसरीमा १३/१३ जना, धनकुटामा नौ जना, पाँचथर र मोरङमा आठ/आठ जना तथा सोलुखुम्बुमा छ जना घाइते भएका छन् । इलाम, तेह्रथुम र संखुवासभामा भने उक्त अवधिमा चट्याङबाट घाइते भएको विवरण शून्य रहेको छ ।*

*चट्याङबाट मानिस मात्र नभई पशुधन र भौतिक संरचनामा समेत ठूलो क्षति हुने गरेको छ । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता थापाका अनुसार पाँच वर्षको अवधिमा चट्याङका कारण एक हजार ३२ वटा पशुचौपाया मरेका छन् । चट्याङका कारण लागेको आगलागीबाट प्रदेशका १७० वटा घर तथा गोठ जलेर नष्ट भएका छन् । त्यसबाट रू तीन करोड ७२ लाख ६५ हजार ३५० बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।*

*बाढी र पहिरोको तुलनामा चट्याङका घटनाले कम चर्चा पाए पनि ग्रामीण क्षेत्रमा यसको जोखिम उच्च रहेको छ । गाउँघरका काठ र टिनले बनेका घरमा चट्याङबाट बच्ने 'अर्थिङ' जडान नहुने तथा जोखिमबारे पर्याप्त जानकारी नहुँदा क्षति बढ्ने गरेको छ ।*

---

***मेची....*** संस्थाले आन्तरिक पर्यटन विकासका लागि दमकमा रहेको जग्गामा अध्ययन गरी पर्यटकीय पूर्वाधार निर्माणका लागि आवश्यक बजेट छुट्याउने योजना पनि अघि सारेको छ ।

संस्थाले सदस्यको व्यवसायिक क्षमता अभिवृद्धिका लागि सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, कर्मचारी र सदस्यलाई विभिन्न तालिम तथा वृत्तिविकासका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ । संस्थाका अनुसार हाल दमकसहित विभिन्न स्थानमा १२ वटा सेवा कार्यालय सञ्चालनमा रहेका छन् ।

संस्थाले आगामी वर्ष १५ प्रतिशतदेखि ६ प्रतिशतसम्म कायम गरिएको कर्जाको ब्याजदर तथा सदस्यलाई सहुलियत दिने नीतिलाई निरन्तरता दिने जनाएको छ । सदस्यको व्यवसाय वृद्धि, स्वरोजगार, शिक्षा र उद्यममा लगानी गरी आर्थिक गतिविधिमा सहजीकरण गर्ने नीति पनि संस्थाले लिएको छ ।

प्रतिवेदनअनुसार संस्थाको हालको वासलात ४ अर्ब ५१ करोड २२ लाख २० हजार ५ सय ५२ रूपैयाँ रहेको छ । संस्थाले आर्थिक कारोबारबाट राज्यलाई विभिन्न शीर्षकमा करसमेत भुक्तानी गर्दै आएको जनाएको छ । पत्रकार सम्मेलन संस्थाका अध्यक्ष नारायणप्रसाद भट्टराईको उपस्थितिमा संस्थाका प्रेस संयोजक नरपति पाण्डेको अध्यक्षतामा सम्पन्न भएको थियो । सचिव राजेन्द्रप्रसाद दाहालले सञ्चालन गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पदम थापाले स्वागत मन्तव्य राखेका थिए । अध्यक्ष भट्टराई र व्यवस्थापक चन्द्रप्रसाद थापाले संस्थाको प्रतिवेदन तथा आगामी योजनाबारे जानकारी गराएका थिए ।

---

***कन्काईका......*** नगरप्रमुख राजेन्द्रकुमार पोखरेलले बाँकी लाभग्राहीलाई पनि क्रमश: जग्गाधनी पुर्जा वितरण गर्दै जाने बताए ।

जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले जिल्लाभर जग्गाधनी पुर्जा वितरणका लागि लगत संकलन तथा वितरण प्रक्रियालाई तीव्रता दिइएको बताए । समितिका सदस्य सचिव तथा जिल्ला नापी कार्यालय, भद्रपुरका प्रमुख शिवप्रसाद लम्सालका अनुसार अर्जुनधारा नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा पनि यसै महिनादेखि जग्गाधनी पुर्जा वितरण सुरु गरिएको छ । बुद्धशान्तिमा आगामी साता थप जग्गाधनी पुर्जा वितरण गर्ने तयारी भइरहेको छ ।

---

***कम्पनीबाटै....*** सिलिण्डर त्यसरी राखिएको गुरागाईंले बताए । कन्काई ग्यासको उपलब्धता भने न्यून देखिएको उनले जानकारी दिए । अनुगमनका क्रममा केही स्थानमा ग्यासको मूल्य बढी लिएको गुनासोसमेत आएको थियो ।

ग्यास व्यवसायीहरूले घरमै ग्यास पुऱ्याउनुपर्ने अवस्थामा डेलिभरी शुल्क मात्र थपेर लिएको थिए। यद्यपि, ग्यासको अभावका कारण विशेषगरी होटल तथा रेस्टुरेन्ट व्यवसायी बढी प्रभावित भएको गुरागाईंले बताए । ग्यासको नियमित आपूर्ति नहुँदा होटल व्यवसायको कारोबारमै असर परेको उनको भनाइ छ ।

नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत यज्ञराज निरौलाले विभिन्न वडामा रहेका ग्यास डिलरमा पुगेर वास्तविक अवस्था बुझ्ने काम भइरहेको बताए । उनका अनुसार अनुगमनबाट ग्यासको उपलब्धता, वितरण प्रणाली तथा उपभोक्ताले भोग्नुपरेका समस्याबारे जानकारी संकलन भइरहेको छ । खाना पकाउने ग्यासको अभाव भएपछि नगरपालिकाले मंगलबार उद्योगी, व्यवसायी तथा सरोकारवालासँग आपूर्ति र वितरण प्रणाली व्यवस्थित गर्ने विषयमा छलफल गरेको थियो । छलफलपछि प्राप्त निष्कर्षका आधारमा अनुगमनलाई निरन्तरता दिइएको नगरप्रमुख रामकुमार थापाले बताए ।

ग्यासको नियमित आपूर्ति नहुँदा सर्वसाधारणको दैनिक जीवन प्रभावित भएकाले कृत्रिम अभाव सिर्जना हुन नदिन तथा कालोबजारी नियन्त्रण गर्न अनुगमन गरिएको नगरप्रमुख थापाले बताए । अनुगमनमा नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत निरौलासहित नगरपालिकाका कर्मचारी, दमक उद्योग वाणिज्य संघ, नगर प्रहरी, इलाका प्रहरी कार्यालय र इलाका प्रशासन कार्यालयका प्रतिनिधिको सहभागिता रहेको थियो। नगरपालिकाले आगामी दिनमा पनि ग्यास डिलर तथा वितरण प्रणालीको अनुगमन जारी राख्ने जनाएको छ ।

---

## अन्तर्राष्ट्रिय

### भूकम्पबाट २ सय ६५ जनाको मृत्यु, ५ सय बेपत्ता

**एजेन्सी/** पश्चिमी कोलम्बियामा गत सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको संख्या २६५ पुगेको छ भने भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहँदा करिब ५०० जना अझै बेपत्ता छन् । लगातार आइरहेका परकम्पले उद्धार तथा खोजी कार्यमा चुनौती थपिए पनि सुरक्षाकर्मी र उद्धारकर्मीले प्रभावित क्षेत्रमा अभियान जारी राखेका छन् ।

कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले राज्य टेलिभिजनमार्फत सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त अस्पताल, विद्यालय, घर तथा अन्य पूर्वाधार पुनर्निर्माणका लागि आपतकालीन कोष स्थापना गरिने बताएका छन् । उनले विपत्तिबाट भएको क्षति सम्बोधन गर्न आर्थिक आपतकालसमेत घोषणा गरेका छन् ।

### नौ भारतीय माझी पक्राउ

**एजेन्सी/** श्रीलंकाली नौसेनाले श्रीलंकाको जल क्षेत्रमा अवैध रूपमा माछा मारिरहेको आरोपमा नौ भारतीय माझीलाई पक्राउ गर्नुका साथै उनीहरूले प्रयोग गरेको माछा मार्ने डुंगा नियन्त्रणमा लिएको छ । नौसेनाका अनुसार बुधबार राति देशको उत्तरी क्षेत्र तालाइमन्नारस्थित उरुमलाई प्वाइन्टनजिकै गस्ती गर्ने क्रममा उनीहरू पक्राउ परेका हुन् ।

उनीहरू सवार डुंगाले अन्तर्राष्ट्रिय समुद्री सीमा रेखा पार गरी श्रीलंकाको जल क्षेत्रमा प्रवेश गरेको नौसेनाले जनाएको छ । पक्राउ परेका माझीहरूले समुद्री सतह तथा समुद्री पारिस्थितिक प्रणालीमा क्षति पुऱ्याउन सक्ने 'बटम ट्रलिङ' विधिबाट माछा मारिरहेको पाइएको नौसेनाको भनाइ छ ।

पक्राउ परेका नौ माझी र नियन्त्रणमा लिइएको डुंगालाई थप कानूनी कारबाहीका लागि मन्नारका मत्स्य निरीक्षकसमक्ष बुझाइनेछ । मन्नार टापु र एडम ब्रिज आसपासको मन्नारको खाडी समुद्री जैविक विविधता तथा संरक्षणका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छ । यस क्षेत्रको पारिस्थितिक महत्त्वलाई ध्यानमा राख्दै विशेष मत्स्य व्यवस्थापन तथा वातावरणीय नियम लागू गरिएको छ ।

## खेलकुद

# मिनी म्याराथनमा २ सय बढी धावक सहभागी

**दमक/** युवालाई खेलकुदसँग जोड्दै स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्ने तथा बाह्रदशीको पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर राष्ट्रिय स्वतन्त्र पार्टी बाह्रदशीले मिनी म्याराथन प्रतियोगिता सम्पन्न गरेको छ । बाह्रदशी गाउँपालिका-५ घोडामाराबाट वडा नम्बर ६ मा रहेको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र बाह्रदशी डाँडासम्म २ दशमलब ५ किलोमिटर दूरीमा प्रतियोगिता सञ्चालन गरिएको थियो । प्रतियोगितामा बाह्रदशी गाउँपालिकासहित छिमेकी बिर्तामोड, भद्रपुर, हल्दिबारी, कनकाईलगायतका पालिकाबाट २ सयभन्दा बढी धावक सहभागी भएका थिए ।

प्रतियोगितामा बिर्तामोड नगरपालिकाका शिव कार्की प्रथम भए । त्यस्तै इन्द्र मगर द्वितीय, सुकदेव टुडू तृतीय, मुक्साम लिम्बू चौथो तथा लक्ष्मण टुडू सान्त्वना स्थानमा रहे । प्रतियोगिताका विजेता तथा उत्कृष्ट धावकलाई नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ । बाह्रदशी डाँडासम्मको मिनी म्याराथनले स्थानीय युवासँगै छिमेकी पालिकाका खेलाडीलाई समेत एउटै गतिविधिमा जोडेको थियो । प्रतियोगिताका क्रममा सहभागी धावक तथा स्थानीयको उपस्थितिले बाह्रदशी डाँडाको पर्यटकीय सम्भावनालाई समेत उजागर गरेको थियो । रास्वपा बाह्रदशी गाउँपालिका सभापति सोमनाथ बजगाईको अध्यक्षतामा भएको कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, नागरिक समाजका प्रतिनिधि, विद्यार्थी तथा स्थानीय सर्वसाधारणको उल्लेख्य सहभागिता थियो ।

---

***पूर्वीनाकाबाट....*** *पारिएको र जबरजस्ती करणीसम्बन्धी दुईवटा मुद्दा आएको माइती नेपाल काँकडभिट्टाले सामाजिक लेखा परीक्षण सम्बन्धी कार्यक्रममा सार्वजनिक गरेको तथ्यांकमा उल्लेख छ । संस्थाले आर्थिक वर्ष २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म एक वर्षको वार्षिक कार्यक्रमको प्रगति विवरण हिजो सामाजिक लेखा परीक्षण कार्यक्रममार्फत सार्वजनिक गरेको हो ।*

***काँग्रेसभित्र.को...*** लामो उपचारपछि स्वदेश फर्किएका देउवाले आफूले राजनीतिक परिस्थितिलाई नजिकबाट नियालिरहेको संकेत गर्दै अब मुलुक र पार्टीलाई विभाजन तथा प्रतिशोधबाट नभई संवाद, सहमति र सहकार्यबाट अघि बढाउनुपर्ने बताए । उनले पछिल्लो राजनीतिक असन्तुष्टि, पुस्तान्तरणको बहस र युवा पुस्ताले खोजेको परिवर्तनलाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता औंल्याए ।


## चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि. कमल-५ झापाको

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०४/८ गते शुक्रबार र तेस्रो पटक प्रकाशित मिति २०८३/०४/२९ गते शुक्रबार (पुर्वसन्देश दैनिक)

यस सहकारी संस्थाबाट तपशीलमा उल्लेखित ऋणीले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न / बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले सात (७) दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत) चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशीलको धितोबाट कर्जा असुल उपर गरिने ब्यहोरा सम्बन्धित तपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपशील**

| १. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| ऋणीको नाम : शोभा राई | नाम : मुलुक सिंह राई |
| बाबु : मेख बहादुर दाहाल | बाबु : रहरमान राई |
| पती : मुलुक सिंह राई | बाजे : दलमान राई |
| वतन : चुलाचुली-१, इलाम, हाल कमल गा.पा. ३, झापा | वतन : चुलाचुली-१, इलाम, हाल कमल गा.पा. ३, झापा |
| नागरिकता नं. : ०३०२२३/२८१६ | नागरिकता नं. : ३८४२३/२६६१ |
| जारी मिति : २०६३/१२/१३ इलाम | जारी मिति : २०४९/०५/०१ इलाम |

धितो दिएको जग्गाको विवरण:

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | शिवगंज | ७/७ङ | २०१७७ | ११०.०५ ब.मी. | शोभा राई |
| झापा | शिवगंज | ७/७ङ | २०१८० | २४१२.७३ ब.मी | शोभा राई |

| २. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| ऋणीको नाम : सेर बहादुर श्रेष्ठ | नाम : बिमला श्रेष्ठ |
| बाबु : होम राज श्रेष्ठ | बाबु : तेज बहादुर दाहाल |
| बाजे : खड्ग बहादुर श्रेष्ठ | पती : सेर बहादुर श्रेष्ठ |
| वतन : कमल गा.पा.-३, झापा | वतन : कमल गा.पा.-३, झापा |
| नागरिकता नं. : ९७७३४११ | नागरिकता नं. : १०३४/७३५ |
| जारी मिति : २०६२/०३/०५ झापा | जारी मिति : २०६६/१०/३० झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | दमक | ६/६ | ३८९२९ | १३९.६९ ब.मी. | कमला श्रेष्ठ |

| ३. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| ऋणीको नाम : कृष्ण घिमिरे | नाम : धर्म प्रसाद घिमिरे |
| बाबु : धर्म प्रसाद घिमिरे | बाबु : कपिल प्रसाद घिमिरे |
| बाजे : कपिल प्रसाद घिमिरे | बाजे : चन्द्रलाल घिमिरे |
| वतन : गौरादह न.पा.-०४, झापा | वतन : गौरादह न.पा.-०४, झापा |
| नागरिकता नं. : ०४२०४६/१८७४ | नागरिकता नं. : ७०७९ |
| जारी मिति : २०७०/१०/१४, झापा | जारी मिति : २०५५/११/१३, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | ४/१७९०३३८३ | १६१२ | १३५.४४ ब.मी. | धर्म प्रसाद घिमिरे |

| ४. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : दिपक कुमार राई | नाम : मिना राई |
| बाबु : अमर बहादुर राई | बाबु : मणीराज राई |
| बाजे : राम बहादुर राई | ससुरा : अमर बहादुर राई |
| वतन : गौरादह न.पा.-०२, झापा | वतन : गौरादह न.पा.-०२, झापा |
| नागरिकता नं. : १९२७५६२ | नागरिकता नं. : ०१२८११३७ |
| जारी मिति : २०५०/१२/२४, झापा | जारी मिति : २०५१/१०/१२, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह न.पा. | ४/१७९०४१८ | १९१ | ८१०.०० ब.मी. | दिपक कुमार राई |
| झापा | कोहवरा | ३/१७९०४९३ | ६८१ | ०-१०-०-० | दिपक कुमार राई |

| ५. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : बालेश्वर राई | नाम : कला राई |
| बाबु : राम प्रसाद राई | बाबु : हर्क राज राई |
| बाजे : कर्ण बहादुर राई | ससरा : राम प्रसाद राई |
| वतन : कमल गा.पा.-४, झापा | वतन : कमल गा.पा.-४, झापा |
| नागरिकता नं. : ८५२४४२९ | नागरिकता नं. : ०४-०२-७३-०३९४१ |
| जारी मिति : २०५०/११/२ झापा | जारी मिति : २०७३/०९/१८ झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ४/४न | ५४८५ | १६९.३० ब.मी. | बालेश्वर राई |

| ६. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : बिबेक राउत | नाम : अमर बहादुर राउत |
| बाबु : राज कुमार राउत | बाबु : बम बहादुर राउत |
| बाजे : अमर बहादुर राउत | बाजे : हिमाल ध्वज राउत |
| वतन : कमल गा.पा.-३, झापा | वतन : कमल गा.पा.-३, झापा |
| नागरिकता नं. : ०४-३-०४२/३१४ | नागरिकता नं. : ९७७३१६८५३ |
| जारी मिति : २०७०/०२/०९ झापा | जारी मिति : २०३४/०९/१० झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ५/५क | ८८९ | ५९२.५२ ब.मी. | अमर बहादर राउत |

| ७. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : काली प्रसाद ताजपुरिया | नाम : रात्री ताजपुरिया |
| बाबु : ध्रुवलाल ताजपुरिया | पती : काली प्रसाद ताजपुरिया |
| बाजे : उदुक लाल ताजपुरिया | ससुरा : ध्रुवलाल ताजपुरिया |
| वतन : गौरादह न.पा.-०४, रङ्गपुर झापा | वतन : गौरादह न.पा.-०४, रङ्गपुर झापा |
| नागरिकता नं. : ६९१६३४ | नागरिकता नं. : ०४०३०४६/५०० |
| जारी मिति : २०५१/०९/०४, झापा | जारी मिति : २०६३/१०/२५, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | १/१ | १६२६ | ४९६०.९१ ब.मी. | अनिलाल ताजपुरिया |

| ८. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : पुन्न प्रसाद सुवेदी | नाम : उत्तम कुमारी सुवेदी |
| बाबु : बिष्णु प्रसाद सुवेदी | पती : पुन्न प्रसाद सुवेदी |
| बाजे : कुल प्रसाद सुवेदी | ससरा : बिष्णु प्रसाद सुवेदी |
| वतन : गौरादह न.पा.-२, झापा | वतन : गौरादह न.पा.-२, झापा |
| नागरिकता नं. : २४१९३ | नागरिकता नं. : ०४२०४३/१२४६ |
| जारी मिति : २०६३/०१/२५, झापा | जारी मिति : २०६६/०७/०५, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | जुरोपानी | ५/१७९०५३९ | २४३७ | २८९.५३ ब.मी. | पुन्न प्रसाद सुवेदी |
| झापा | जुरोपानी | ५/१७९०५३९ | २४३२ | २७१.७९ ब.मी. | पुन्न प्रसाद सुवेदी |

| ९. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : कुमारी लावती आङबो | नाम : बसन्त लावती |
| बाबु : बबीन कुमार लावती | बाबु : बबीन कुमार लावती |
| बाजे : लक्ष्मण लावती | बाजे : लक्ष्मण लावती |
| वतन : कमल गा.पा.-३, झापा | वतन : कमल गा.पा.-३, झापा |
| नागरिकता नं. : ०२१०१५ / ७४९ | नागरिकता नं. : ०२/०२१०३०/६२५ |
| जारी मिति : २०६५/०९/२९, पाँचथर | जारी मिति : २०६४/०६/०१, पाँचथर |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ५/घ | १३७३ | ०-१-० | कुमारी लावती आङबो |

| १०. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : तारानिधि ढकाल | नाम : दिप्तु घिमीरे |
| बाबु : पुण्य प्रसाद ढकाल | पिता : ऋषी राज घिमिरे |
| बाजे : मदन प्रसाद ढकाल | पती : तारानिधि ढकाल |
| वतन : कमल गा.पा.-४, झापा | वतन : कमल गा.पा.-४, झापा |
| नागरिकता नं. : २३१११५७५ | नागरिकता नं. : ३५९०४ |
| जारी मिति : २०५९/०८/१२, झापा | जारी मिति : २०५५/०३/०२, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | कमल | ४/ | ५९०६ | ३३८.६४ ब.मी. | तारानिधि ढकाल |
| झापा | कमल | ४/ | ५९१५ | १०१५.९२ ब.मी. | तारानिधि ढकाल |

| ११. ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते |
|---|---|
| नाम : सरिया श्रेष्ठ | नाम : चन्द्र माया श्रेष्ठ |
| बाबु : भगिरथ श्रेष्ठ | पिता : मान बहादुर तामाङ्ग |
| बाजे : राम बहादुर श्रेष्ठ | ससुरा : राम बहादुर श्रेष्ठ |
| वतन : गौरादह न.पा.-१, झापा | वतन : गौरादह न.पा.-१, झापा |
| नागरिकता नं. : ०४२०४३/३५१० | नागरिकता नं. : २३११४७१ |
| जारी मिति : २०६९/०९/२२, झापा | जारी मिति : २०४६/०२/०१, झापा |

धितो दिएको जग्गाको विवरण

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | १/१७९०१३८ | २३७० | ३४१.०० ब.मी. | चन्द्र माया श्रेष्ठ |

**चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
कमल-५, झापा (सम्पर्क: ०२३-५७५५७५)


◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com